नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३११

मितिः २०८२/१२/०५

नेपाल संवत् ११४६

विषयः सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan) सम्वन्धमा।

श्री गाउँपालिका, (सबै)।
श्री नगरपालिका, (सबै)।

प्रस्तुत विषयमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको आ.व. २०८२/०८३, च.नं. १४१५, मिति २०८२/१२/०४ को सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan) समवन्धी पत्र र सोसाथ प्राप्त कागजातहरु आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................
(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>वोधार्थः</u>
श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः शा.सु. ०८२/०८३/०५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १४९५

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः२०८२।१२।०४
नेपाल संवत् ११४६

नेपाल सरकार
गृह मन्त्रालय

विषयः सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan) सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २८८१
दर्ता मितिः- २०८२।१२।०५

प्रस्तुत विषयमा मिति २०८२।११।११ गते रातको अन्दाजी १:३० वजे पृथ्वी राजमार्ग अन्तर्गत धादिङ जिल्लाको वेनीघाट रोराङ्ग गाउँपालिका वडा नं. १५ स्थित भैसेगौडामा पोखराबाट काठमाडौं तर्फ आउँदै गरेको ग. २ ख. १४२१ नम्वरको यात्रुवाहक वस सडक सतहबाट ७८ मिटर तल त्रिशुली नदीको किनारमा खसी दुर्घटना हुँदा बसमा सवार ४४ जना यात्रुहरूमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएको घटनाको छानविन गर्न यस मन्त्रालयबाट समिति गठित भएको र उक्त समितिले कायदिश बमोजिमको कार्य सम्पन्न गरी यस मन्त्रालयमा पेश गरेको प्रतिवेदनको सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan) यसैसाथ संलग्न गरी तहाँसँग सम्बन्धित सुझावहरू आवश्यक कार्यान्वयन गर्न एवम् सबै स्थानीय तहहरूलाई सुझाव कार्यान्वयनका लागि परिपत्र गरिदिनुहुन पठाइएको व्यहोरा मिति २०८२।१२।०३ (मा.मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ।

(खेमराज पौडेल)
शाखा अधिकृत

# परिच्छेद सात

## सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan)

सुझाव खण्डमा उल्लिखित सुझावहरुको प्रभावकारी कार्यान्वयनको लागि निश्चित-समयसीमा र निकायगत जिम्मेवारी स्पष्ट किटान भएको सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan) तयार गरिएको छ जुन देहाय वमोजिम रहेको छ:

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| क. नीतिगत, कानूनी तथा संरचनागत सुधार | क. अल्पकालीन सुधार | | | |
| | राष्ट्रिय सडक सुरक्षा नीति जारी गरी कार्यान्वयनमा ल्याउने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ वर्ष | सडक सुरक्षा नीति जारी भएको हुने । |
| | राष्ट्रिय सडक सुरक्षा ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | संघीय संसद, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ वर्ष | सडक सुरक्षा ऐन तथा नियमावली जारी भएको हुने । |
| | सरकारले तर्जुमा गर्ने सडक सुरक्षा नीति, ऐन तथा नियमावलीमा Good Samaritan protection सम्बन्धी स्पष्ट व्यवस्था गर्ने । | संघीय संसद, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ वर्ष | Good Samaritan protection सम्बन्धी कानून निर्माण भएको हुने । |
| | सडकको डिजाइन, निर्माणका विभिन्न चरणमा Road Safety Audit लाई अनिवार्य गर्ने गरी कानूनमा सुधार गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग | ६ महिना | सडक सुरक्षा अडिट अनिवार्य भएको हुने । |

५१

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | राष्ट्रिय सडक सुरक्षा परिषद् (National Road Safety Council) को स्थापना गर्ने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ वर्ष | काउन्सिलको गठन तथा TOR स्वीकृत । |
| | यातायात व्यवसायी तथा मजदुरहरुको आचार संहिता (Code of Conduct) बनाई लागू गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, | ९ महिना | आचार संहिता तर्जुमा तथा कार्यान्वयन । |
| | विद्यमान सवारी तथा यातायात व्यवस्था ऐनमा संसोधन गरी Professional Drivier को लागि छुट्टै अनुमतिपत्रको व्यवस्था गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, | १ वर्ष | सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली संसोधन |
| | सडकको प्रकृति, गुणस्तर, क्षमता र सुरक्षालाई आधार वनाई स्पष्ट रुट इजाजत मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग | ९ वर्ष | आचार संहिता तर्जुमा तथा कार्यान्वयन । |
| | Night Driving Regulation सम्बन्धी छुट्टै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग | १ वर्ष | कार्यविधिको स्वीकृति |
| | Complete Knocked Down (CKD) मा आयात भई नेपालमा एसेम्बल हुने सवारी साधनको वार्षिक रुपमा Roadworthiness Testing गर्नुपर्ने कानूनी व्यवस्था गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग | १ वर्ष | सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली संसोधन |

५२

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | ख. दीर्घकालीन सुधार | | | |
| | संघ, प्रदेश र स्थानीय तहले संविधान बमोजिमको अधिकारक्षेत्र अनुसार यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | तहगत सरकार | ३ वर्ष | गुरुयोजना तर्जुमा तथा स्वीकृति |
| | सडक सुरक्षासँग सम्बन्धित कानूनहरुलाई समयानुकुल पुनरावलोकन गरी परिमार्जन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २ वर्ष | कानून संसोधन भएको हुने । |
| | यातायात क्षेत्रमा कार्यरत मजदुरहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने । | सामाजिक सुरक्षा कोष, यातायात व्यवसायी | ३ वर्ष | मजदुरहरु सामाजिक सुरक्षाको दायरामा आइ योगदान सुरु हुने । |
| | राजमार्ग क्षेत्रमा सडक सुरक्षा सम्बन्धी पूर्वसूचना प्रणाली स्थापना गर्ने । | सडक विभाग | २ वर्ष | प्रणालीको निर्माण |
| | सडक सुरक्षाका लागि सुरुङमार्ग जस्ता पूर्वाधारलाई प्राथमिकता दिने नीति अवलम्बन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ५ वर्ष | सम्भाव्यता अध्ययन, गुरुयोजना निर्माण, सुरुङ्गमार्गको क्रमशः निर्माण |

५३

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| ख. नियमन तथा कानून कार्यान्वयनमा गर्नुपर्ने सुधार | क. अल्पकालीन सुधार | | | |
| | ट्राफिक नियम उल्लङ्घनमा गरिने जरिवाना रकमलाई बढाउने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ वर्ष | सवारी तथा यातायात व्यवस्था नियमावली संसोधन भएको हुने । |
| | सार्वजनिक सवारी साधनले प्रचलित कानून विपरीतको काम गरे नगरेको विषयमा यातायात व्यवस्था विभाग, सम्बन्धित यातायात कार्यालय र ट्राफिक प्रहरीले कम्तीमा हप्ताको एक पटक संयुक्त अनुगमन गर्ने । | यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी | ६ महिना | नियमित अनुगमन भई सडक अनुशासन उल्लङ्घनका घटनामा कमी आउने । |
| | ट्राफिक प्रहरीको विद्यमान दरवन्दी संरचनामा पुनरावलोकन गरी कार्यचाप र जनशक्तिको बीचमा सन्तुलन मिलाउने । | गृह मन्त्रालय, नेपाल प्रहरी | १ वर्ष | O &M स्वीकृत भएको हुने । |
| | सार्वजनिक सवारीमा यात्रा गर्ने हरेक यात्रुहरुले अनिवार्य रुपमा सिट बेल्ट लगाउनुपर्ने कानूनी व्यवस्था गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी | १ वर्ष | कानून संसोधन भएको हुने । |
| | राजमार्गका निश्चित स्थानमा सवारीको चलान, यात्रुको टिकट जाँच गर्ने व्यवस्थालाई अनिवार्य गर्ने । | यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी | तत्काल | विना टिकट यात्रा गर्ने अवस्था अन्त्य भएको हुने । |
| | सवारी चालक अनुमतिपत्र वितरण प्रणालीलाई पारदर्शी बनाउन यसका हरेक चरणहरुलाई सूचना प्रविधिमा आधारित | यातायात व्यवस्था कार्यालय | तत्काल | परीक्षा प्रणाली पारदर्शी भएको हुने । |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | बनाई निगरानी वढाउने साथै परीक्षा प्रणालीलाई वैज्ञानिक र अन्तर्राष्ट्रियस्तरको बनाउने । | | | |
| | ख. दीर्घकालीन सुधार | | | |
| | सार्वजनिक सवारीमा GPS, CCTV लगायतका उपकरणहरुलाई अनिवार्य गरी डिजिटल निगरानी वढाउने। | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | २ वर्ष | Long Route मा चल्ने ८० प्रतिशत सवारीमा GPSS CCTV जडान भएको हुने । |
| | सवारी साधनको गति नियन्त्रण गर्न Speed Monitoring System जडान गर्ने । | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | ३ वर्ष | प्रणाली जडान भई निगरानी सुरु भएको हुने । |
| | मुख्य राजमार्गहरुमा निश्चित दुरीमा डिजिटल चेकपोईन्टको स्थापना गरी ट्राफिक प्रहरीले निरन्तर अनुगमन गर्ने व्यवस्था गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, नेपाल प्रहरी | २ वर्ष | कम्तीमा १०० कि.मी. को दुरीमा एउटा डिजिटल चेक प्वाइन्ट स्थापना भएको हुने। |
| | चालकहरूको थकान व्यवस्थापन (Fatigue Management) को लागि थकानको जाँच (Fatigue Test or Fatigue Monitoring) गर्ने प्रणालीको विकास गर्ने । | यातायात व्यवस्था विभाग, नेपाल प्रहरी | १५ महिना | थकान व्यवस्थापन SOP तर्जुमा भई लागु भएको हुने । |
| | मादक पदार्थ तथा लागु पदार्थ सेवन गरी सार्वजनिक सवारी चलाएको भेटिएमा चालकको अनुमतिपत्र खारेज गर्ने गरी | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५ महिना | सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावलीमा संसोधन भएको हुने |

५५

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | विधमान सवारी तथा यातायात व्यवस्था ऐनमा संसोधन गर्ने। | | | । |
| ग. पूर्वाधारजन्य सुधार | क. अल्पकालीन सुधार | | | |
| | राजमार्गहरूको डिजाइन, निर्माण तथा संचालनको बिभिन्न चरणमा Road Safety Audit गरी प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग | ६ महिना | सडक सुरक्षा अडिट अनिवार्य भएको हुने । |
| | जोखिमयुक्त सडकहरु पहिचान (Black Spot Identification) गरी Emergency Safety Audit गर्ने । उक्त सडकहरुमा Crash Barrier, Reflective warning board, speed limit board, overtaking prohibition sign, ठुला घुम्तीहरुमा Convex Mirror लगायतको प्रबन्ध गरी Self-Communicating Road को रुपमा विकास गर्ने । | सडक विभाग | १ वर्ष | Black Spot सडकहरुमा दुर्घटना न्यूनीकरण भएको हुने । |
| | दुर्घटनापछि क्षतिग्रस्त Crash Barrier तथा सुरक्षा संरचनाहरू तत्काल मर्मत गर्ने । | सडक विभाग | ६ महिना | नयाँ Crash Barrier निर्माण भएको हुने । |
| | सडकमा रहेका पुल, नाली तथा सडक किनारामा थुप्रिएको लेदो, माटो, तथा डेब्रिजहरु नियमित रुपमा सफा गर्ने व्यवस्था मिलाउने । | सडक विभाग | नियमित | डेब्रिजको कारणले हुने दुर्घटनामा कमी आएको हुने । |
| | ख. दीर्घकालीन सुधार | | | |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
| --- | --- | --- | --- | --- |
| | राजमार्ग तथा अन्य सडकमा पर्याप्त मात्रामा रोड मार्किङ, ट्राफिक संकेत, रोड फर्निसिङ, सडक बत्ती तथा CC Camera को प्रबन्ध गर्नुपर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग | २ वर्ष | २ वर्षभित्रमा कम्तीमा मुख्य राजमार्गहरुमा यस्तो प्रबन्ध भएको हुने । |
| | नदी किनारमा अवस्थित सडकहरुको जोखिम विश्लेषणका आधारमा रक सेड (पहाडबाट खस्ने पहिरो सिधै नदीमा खस्ने गरी) हरू निर्माण गर्ने । | सडक विभाग | ५ वर्ष | ५ वर्षमा कम्तीमा अत्यन्तै ढुङ्गा खस्ने जोखिम भएका नदी करिडोरहरुमा रक सेड निर्माण भएको हुने। |
| | पहिरो तथा बाढीको जोखिम भएका सडक खण्डमा Retention Wall, Drainage System, Landslide Protection Measures जस्ता संरचनाहरु क्रमश: निर्माण गर्ने । | विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण, सडक विभाग, | २ वर्ष | कम्तीमा नागढुङ्गा-नारायणगढ सडक खण्ड र यस्तै जोखिमयुक्त करिडोरमा संरचनाहरु निर्माण भएको हुने। |
| | मुख्य राजमार्गहिरुमा रहेका ठुलो घुम्तीमा Sight Distance वढाउन Curve Cutting गर्ने । | सडक विभाग | १५ महिना | कम्तीमा नागढुङ्गा-मुग्लिङ्ग सडक खण्डका ठुला मोडहरुमा Curve Cutting भएको हुने । तत्पश्चात् क्रमश अन्य स्थानमा काम गर्ने । |
| | सार्वजनिक सवारी साधनहरुमा Impact Resist Infrastructure अवलम्वन गरी दुर्घटना हुँदाका वखत हुने मानवीय क्षतिलाई कम गर्ने । | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | २ वर्ष | दुर्घटनावाट हुने मानवीय क्षति कम भएको हुने । |
| | Vehicle Fitness Test Center हरुको स्थापना गर्ने साथै पुराना | यातायात व्यवस्था विभाग, | २ वर्ष | कम्तीमा एक प्रदेशमा एक वटा |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | र असुरक्षित सवारी साधनहरुलाई चलन रोक लगाई विस्थापन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने। | यातायात व्यवस्था कार्यालयहरु, यातायात व्यवसायी | | परीक्षण केन्द्र स्थापना भएको हुने । |
| घ. व्यवस्थापकीय पक्ष तथा सचेतना अभिवृद्धि (Sensitization) मा गर्नुपर्ने सुधार | क. अल्पकालीन सुधार | | | |
| | राजमार्ग क्षेत्रमा Emergency Resource Mapping गरी दुर्घटना पश्चातको उद्दार कार्यलाई छिटो, छरितो, सहज र प्रभावकारी वनाउने । | सुरक्षा निकाय, स्थानीय तह | ६ महिना | उद्दारको पूर्वतयारी सुदृढ भएको हुने । |
| | सडकहरुको जोखिम पहिचान गरी जोखिमको आधारमा सडकहरुको वर्गीकरण गर्ने । | सडक विभाग | १ वर्ष | सडक दुर्घटना न्यूनीकरण हुने । |
| | चालक तथा सहचालकको पोशाक तथा परिचयपत्रलाई अनिवार्य गर्ने । | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | १ वर्ष | SOP तयार भई लागु हुने । |
| | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८ वमोजिम यात्रुवाहक सवारीको स्तर कायम गरी लागू गर्ने। | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | १ वर्ष | स्तर कायम भएको हुने । |
| | सडक दुर्घटनाको अनुसन्धान प्रणालीलाई System Safety Approach मा आधारित वनाउने। | गृह मन्त्रालय, सुरक्षा निकाय | निरन्तर | दुर्घटना अनुसन्धानवाट नीतिगत पृष्ठपोषण हुने । |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | सार्वजनिक सवारीका चालक तथा यातायात मजदुरहरुलाई सम्बन्धित यातायात सञ्चालक समितिसँगको सहकार्यमा सडक सुरक्षा, दुर्घटना पछिको उद्दार, असल आचरण तथा व्यवहार, ड्राइभिङ्ग कौशल लगायतका विविध विषयहरुमा तालिम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने। | यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालयहरु, यातायात व्यवसायी | कम्तीमा वर्षमा २ पटक | यातायात मजदुरको आचरण, व्यवहार र क्षमतामा सुधार भएको हुने |
| | Cashless Ticketing प्रणालीलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने। | यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, यातायात व्यवसायी | १ वर्ष | कम्तीमा मुख्य सडक राजमार्गमा चल्ने वसहरुमा लागु भएको हुने । |
| | यात्रुको पहिचान खुल्ने कागजात लिएर मात्र यात्रा गर्ने संस्कारलाई प्रबर्द्धन गर्ने । | यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, यातायात व्यवसायी | निरन्तर | दुर्घटनाका वखत यात्रुको पहिचान सहज भएको हुने । |
| | सार्वजनिक सवारी चालकको नियमित रुपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने व्यवस्था गर्ने । | यातायात व्यवस्था विभाग, यातायात व्यवसायी | निरन्तर | स्वस्थ चालकले मात्र सवारी चलाउने अवस्थाको सुनिश्चिता भएको हुने । |
| | ख. दीर्घकालीन सुधार | | | |
| | मुख्य राजमार्गहरुमा हरेक २ घण्टाको दुरीमा एउटा व्यवस्थित Refreshment Center को स्थापना गर्ने । | यातायात व्यवस्था विभाग, यातायाा व्यवसायी | ३ वर्ष | मुख्य राजमार्गमा व्यवस्थित Refresh Center निर्माण भएको हुने । |
| | सडक दुर्घटना सम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापनको | नेपाल प्रहरी, गृह मन्त्रालय | १५ | सडक दुर्घटना सम्बन्धी एकीकृत |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | लागि राष्ट्रिय सडक दुर्घटना सूचना व्यवस्थापन प्रणाली (Road Accident Information Management System-RAIMS) लाई अद्यावधिक र अन्तरसम्बन्धित निकायसँग एकीकरण गर्ने । | | महिना | डाटावेस तयार भएको हुने । |
| | सडक सुरक्षा र ट्राफिक शिक्षा सम्बन्धी विषयलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | १५ महिना | विद्यालयस्तरमा सडक सुरक्षा सम्वन्धी सचेतना वृद्धि |
| ङ. खोज,उद्धार,राहत तथा अनुसन्धान प्रणालीमा गर्नुपर्ने सुधार | क. अल्पकालीन सुधार | | | |
| | सडक दुर्घटनावाट हुने मानवीय क्षति कम गर्न दुर्घटना पश्चात् खटिने उद्धार टोलीमा स्वास्थ्यकर्मीहरु लाई समेत समावेश गर्ने । | सुरक्षा निकाय, स्थानीय तह | तत्काल | दुर्घटनावाट मृत्यु हुनेको संख्यामा कमी आउने । |
| | राजमार्ग वरिपरिका स्थानीयहरुलाई सम्बन्धित स्थानीय तह तथा सुरक्षा निकायहरुसँगको सहकार्यमा दुर्घटना तथा विपद्को समयमा गरिने उद्धार सम्बन्धमा तालिम तथा अनुशिक्षण (First Responder Training) कार्यक्रम सञ्चालन गर्ने । | सुरक्षा निकाय, स्थानीय तह | तत्काल | राहत तथा उद्धारमा प्रभावकारीता आउने । |
| | उद्धारमा खटिने टोलीको लागि छुट्टै पोशाकको व्यवस्था गर्ने। | गृह मन्त्रालय, सुरक्षा निकाय, स्थानीय तह | १ वर्ष | पोशाक सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन । |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | ख. दीर्घकालीन सुधार | | | |
| | तहगत सरकार तथा यातायात व्यवसायीहरुको तर्फवाट अनिवार्य योगदान रहने गरी सडक दुर्घटना राहत कोष स्थापना गर्ने । दुर्घटनाका घाइते तथा मृतकहरुलाई वीमावाट प्राप्त हुने वाहेको औषधी उपचार तथा क्षतिपूर्ति रकम यही कोषवाट उपलब्ध गराउने व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २ वर्ष | कोषको स्थापना तथा सञ्चालन |
| | सवारी दुर्घटना भएपछि वीमा कम्पनीवाट प्राप्त हुने यात्रु तथा तेश्रो पक्षको उपचार खर्च र मृतकको क्षतिपूर्ति वापत प्राप्त हुने रकमको सीमालाई वढाउने गरी विद्यमान कानून संसोधन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५ महिना | कानून संसोधन |
| | दुर्घटनापछिको उद्धार व्यवस्थापनलाई Unified Command, Golden Hour Response, Mass Casualty Protocol, Corridor Trauma Care तथा Specialized Rescue Preparedness सँग आवद्ध गर्ने । | गृह मन्त्रालय, सुरक्षा निकाय, स्थानीय तह | २ वर्ष | कम्तीमा मुख्य राजमार्गहरुमा यो अवधारणा वमोजिम उद्धार कार्य हुने । |
| | प्रमुख राजमार्गहरुमा Intubation र Ventilator को सुविधा सहितका ट्रमा अस्पतालको स्थापना गर्ने तथा भइरहेका अस्पतालहरुमा वेड संख्या तथा सुविधा वढाउने गरी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र | ५ वर्ष | मुख्य राजमार्गमा कम्तीमा १०० कि.मी. को दुरीमा एउटा सुविधासम्पन्न ट्रमा अस्पताल निर्माण भएको हुने । |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | स्तरोन्नती गर्ने । | | | |
| | खोज तथा उद्धारमा आवश्यक पर्ने आधारभूत उपकरण तथा उद्दार सामाग्रीहरु विशेष गरी मुख्य राजमार्ग आसपासका स्थानीय तह तथा सुरक्षा निकायको तल्लो युनिट सम्म पुर्याउन आवश्यक व्यवस्था गर्ने । | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण, अर्थ मन्त्रालय | २ वर्ष | आधारभूत उद्दार उपकरण तथा सामाग्रीहरुको उपलब्धता भएको हुने । |
| | सशस्त्र प्रहरी बल, नेपाल अन्तर्गत रहेका विपद् व्यवस्थापन शिक्षालय तथा अन्य ईकाइहरुमा पर्याप्त जनशक्ति तथा साधनश्रोतको व्यवस्थापन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सवल र सक्षम वनाउने । | गृह मन्त्रालय, सशस्त्र प्रहरी, अर्थ मन्त्रालय | २ वर्ष | विपद् शिक्षालय तथा युनिटहरु सुदृढ भएको हुने । |
| | मुख्य राजमार्ग आसपासमा स्वयंसेवक केन्द्र (Volunteer Center) हरुको स्थापना गरी स्वयंसेवक सदस्यहरुलाई सडक दुर्घटना, विपद् जोखिम तथा खोज उद्धारका विषयमा प्रशिक्षित गर्ने साथै निजहरुलाई उद्धारमा परिचालन गर्ने । | सम्वन्धित स्थानीय तह | १८ महिना | स्वयंसेवक केन्द्रको स्थापना र सञ्चालन । |
| | सवारी साधनको दुर्घटना भइसकेपश्चात् सवारीको मेकानिकल जाँच गरी दुर्घटनापूर्वको सवारी साधनको अवस्था यकिन गर्न विषय विज्ञ सहितको डेडिकेटेड वर्कसपको स्थापना गर्ने, | गृह मन्त्रालय, सुरक्षा निकाय, यातायात व्यवस्था विभाग, | २ वर्ष | एक प्रदेश एक वर्कसपको स्थापना भई अनुसन्धान प्रभावकारी भएको हुने । |

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसीमा | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | दुर्घटना सम्बन्धी अनुसन्धानलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विज्ञहरुलाई श्रोत व्यक्तिको रुपमा आमन्त्रण गरी उच्चस्तरीय तालिम तथा प्रशिक्षण सञ्चालन गरी विज्ञ जनशक्ति तयार गर्ने र तिनै विज्ञ व्यक्तिहरुको रोष्टर तयार गरी निजहरु समेतलाई संलग्न गरी दुर्घटना छानविन टोली गठन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय | २ वर्ष | दुर्घटना छानविनको लागि देशभित्र दक्ष जनशक्ति विकास भएको हुने । |